नलगाड नगरपालिकाबाट प्रकाशित

# नलगाड राजपत्र

खण्डः ५ संख्या : ४ दल्ली जाजरकोट

मिति : २०७८।१०।१०

भाग÷४

नलगाड नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

सूचना

नेपालको संविधान बमोजिम नलगाड नगरपालिकाको नगरकार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## नलगाड नगरपालिका विशेष कक्षा सञ्चालन सम्वन्धी कार्यविधि, २०७८

सम्वत् २०७८ सालको कार्यविधि नं. ४

कार्यपालिकाबाट पारित मितिः २०७८।१०।०९

प्रस्तावनाः नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा नलगाड नगरपालिकाको शिक्षा ऐन, २०७६ बमोजिम विद्यालय उमेरका सबै बालबालिकाहरुको लागि गुणस्तरीय शिक्षा प्रदान गर्न र यस क्षेत्रमा फरक क्षमता भएका भएका बालबालिकाहरुलाई अध्यापन गराउने विद्यालय सञ्चालन गर्न वाञ्छनीय भएकोले, नलगाड नगरपालिकाको शिक्षा ऐन, २०७६ को दफा ३९ को

उपदफा २ बमोजिम नलगाड नगरपालिकाको नगर कार्यपालिकाबाट पारित गरी यो कार्यविधि लागु गरिएको छ।

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भः-** (१) यस ऐनको नाम "नलगाड नगरपालिका विशेष कक्षा सञ्चालन सम्वन्धी कार्यविधि २०७८" रहेको छ।

(२) यो कार्यविधि नलगाड नगरपालिका क्षेत्रभित्र लागू हुनेछ।

(३) यो कार्यविधि नलगाड राजपत्रमा प्रशासन भए पश्चात लागु हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) "ऐन" भन्नाले नलगाड नगरपालिकाको शिक्षा सम्वन्धी ऐन २०७६ लाई सम्झनु पर्छ।

(ख) "आधारभूत शिक्षा" भन्नाले प्रारम्भिक बालशिक्षा देखि कक्षा आठसम्म दिइने शिक्षा सम्झनु पर्छ।

(ग) "नगरपालिका" भन्नाले नलगाड नगरपालिका सम्झनुपर्छ।

(घ) "नगर सभा" भन्नाले नलगाड नगरपालिकाको नगर सभालाई सम्झनुपर्छ।

(ङ) "प्रमुख" भन्नाले नलगाड नगरपालिकाको नगर प्रमुखलाई सम्झनपुर्छ।

(च) "उप प्रमुख" नलगाड नगरपालिकाको उप प्रमुखलाई सम्झनपुर्छ।

(छ) "अभिभावक" भन्नाले विद्यालयमा अध्ययनरत विद्यार्थीको बाबु, आमा, बाजे, बज्यै वा त्यस्ता अभिभावक नभएमा विद्यालयमा अध्ययनरत बालबालिकालाई संरक्षण गर्ने व्यक्तिहरू मध्येवाट विद्यालयको अभिलेखमा जनिएको व्यक्तिलाई जनाउँछ।

(ज) "विशेष शिक्षा" भन्नाले दृष्टिविहीन, बहिरा, अटिज्म, बौद्धिक अपांङ्गता, सुस्तश्रवण वा अति अशक्त शारीरिक अपाङ्गता भएका बालबालिकालाई छुट्टै समूहमा राखी दिइने शिक्षा सम्झनुपर्छ।

(झ) "शिक्षक" भन्नाले विद्यालयमा पठनपाठन गराउने व्यक्तिलाई सम्झनु पर्छ र सो शब्दले प्रधानाध्यापक समेतलाई जनाउँछ।

(ञ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ।

(ट) "शिक्षा अधिकृत" भन्नाले नगरको शिक्षा शाखा प्रमुखलाई सम्झनु पर्दछ।

(ठ) "शिक्षा शाखा" भन्नाले नलगाड नगरपालिकाको शिक्षा यूवा तथा खेलकुद शाखा सम्झनु पर्दछ।

नलगाड नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
... जाजरकोट
कर्णाली प्रदेश, नेपाल

नि.प्रमुख प्रशासकीय अधिकृत

(ड) माध्यामिक तह भन्नाले कक्षा नौ कक्षा बाह्रसम्म दिइने शिक्षा सम्झनु पर्छ ।

(ढ) "विद्यालय" भन्नाले दृष्टिविहीन, बहिरा, अटिज्म, बौद्धिक अपाङ्गता, सुस्तश्रवण वा शारीरिक अपाङ्गता भएका बालबालिकालाई छुट्टै समूहमा राखी शिक्षा दिईने विद्यालय सम्झनुपर्छ ।

३. **विद्यालयको स्थापना:** (१) नगर कार्यपालिकाले विशेष कक्षा सञ्चालन गर्न नगरक्षेत्र भित्र आवासिय सुविधा सहितको एक विद्यालयको स्थापना गर्न अनुमति दिन सक्नेछ ।

(२) नगरपालिकाले स्वीकृत गरेको लागत अनुमान तथा भवन डिजाईनको परिधि भित्र रही विद्यालय भवन निर्माण गर्नुपर्नेछ ।

४. **विद्यालय सञ्चालन:** (१) नगरपालिकाले विद्यालय सञ्चालनको लागि आवश्यक व्यवस्था मिलाउनु पर्नेछ ।

(२) उपदफा (१) मा उल्लेखित विद्यालय सञ्चालनको लागि नगरपालिकाले आवश्यक बजेटको व्यवस्था गर्नुपर्नेछ ।

(३) उपदफा (१) बमोजिम सञ्चालित विद्यालयमा बहिरा, बौद्धिक अपाङ्गता, सुस्तश्रवण वा शारीरिक अपाङ्गता भएका बालबालिकालाई छुट्टै समूहमा राखी शिक्षा दिने व्यवस्था नगरपालिकाले गर्नुपर्नेछ ।

५. **परीक्षा सञ्चालन र व्यवस्थापन:-** (१) माध्यमिक शिक्षाको कक्षा दश र माध्यमिक तहको अन्त्यमा हुने परीक्षाको सञ्चालन संघिय शिक्षा ऐन बमोजिम हुनेछ ।

(२) आधारभूत शिक्षा उत्तिर्ण परीक्षा नगरपालिकाले सञ्चालन गर्नेछ ।

(३) आधारभूत शिक्षा उत्तिर्ण परीक्षा समिति:- आधारभूत शिक्षा उत्तिर्ण परीक्षाको सञ्चालन तथा व्यवस्थापन र नतिजा विश्लेषण समेतको कार्य गर्न देहाय बमोजिमको परीक्षा सञ्चालन तथा व्यवस्थापन समिति रहनेछ

(क) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत कर्मचारी –अध्यक्ष

(ख) सामुदायिक विद्यालयका आधारभूत तहमा अध्यापनरत शिक्षकहरु मध्येबाट दुई जना महिला सहित पाँच जना -- सदस्य

(ग) नगर शिक्षा शाखा अधिकृत -सदस्य सचिब

(४) समितिको पदावधि दुई वर्षको हुनेछ ।

(५) उपदफा ३ को (ख) बमोजिमका शिक्षकहरुलाई विद्यालय व्यवस्थापन समितिको सिफारिसमा मनोनित गरिने छ ।

नगर कार्यपालिकाको कार्यालय, नलगाड नगरपालिका, हुप्री, जाजरकोट, कर्णाली प्रदेश, नेपाल

नि. प्रमुख प्रशासकीय अधिकृत

(६) परीक्षा समितिले विषय विशेषज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(७) परीक्षा समितिको बैठक सम्बन्धि कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

६. **परिक्षा सञ्चालन तथा व्यवस्थापन समितिको काम, कर्तव्य अधिकार :**

(क) परीक्षा सञ्चालन सम्बन्धमा नीति निर्धारण गर्ने,

(ख) परीक्षा केन्द्र तोक्ने र केन्द्राध्यक्ष नियूक्ति गर्ने,

(ग) प्रश्नपत्र निर्माण उत्तरकुञ्जिका निर्माण, उत्तरपूस्तिका परीक्षण तथा सम्परिक्षण गराउने,

(घ) परीक्षाफल प्रकाशित गराउने तथा उत्तिर्ण परिक्षार्थीलाई प्रमाणपत्र दिने,

(ङ) परीक्षा शुल्क र परीक्षा सम्वन्धि काममा संलग्न व्यक्तिको पारिश्रमिक निर्धारण गर्ने,

(च) कुनै परिक्षा केन्द्रमा अनियमितता भएमा आवश्यकता अनुसार परीक्षा बदर गरी पूनः परिक्षा गराउने वा त्यस्तो परीक्षा केन्द्र बन्द गर्ने,

(छ) दैवी प्रकोप वा अन्य कुनै कारण बाट निर्धारित समयमा परीक्षा सञ्चालन गर्न वा परिक्षाफल प्रकाशित गर्न बाधा पर्न गएमा तुरुन्तै आवश्यक निर्णय लिने,

(ज) परिक्षा समितिले आवश्यकता अनुसार उपसमिति गठन गर्न सक्ने,

(झ) परीक्षा समितिले आफुलाई प्राप्त अधिकारहरु मध्ये आवश्यकता अनुसार केहि अधिकार कुनै उपसमितिलाई प्रत्यायोजन गर्न सक्नेछ ।

७. **शिक्षाको माध्यमः-** (१) विद्यालय शिक्षाको माध्यम नेपाली भाषा, अंग्रेजी भाषा वा दुबै भाषा हुनेछ ।

८. **विद्यालयको पाठ्यक्रम र पाठ्यपुस्तकः-** विद्यालयले संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारले स्वीकृत गरेको वा तोकेको न्यूनतम मापदण्ड अनुरूप पाठ्यक्रम तथा पाठ्यपुस्तक अध्ययन अध्यापन गराउनु पर्नेछ । साथै नगरपालिकाले नगर स्तरमा स्थानीय पाठ्यक्रम, पाठ्यपुस्तक विकास तथा निर्माण गरी लागु गर्न सक्नेछ ।

९. **विद्यालय अनुगमन समितिः-** (१) विद्यालय शिक्षाको समग्र पक्षको अनुगमन गर्न देहाय वमोजिम अनुगमन समिति गठन हुनेछ ।

(क) नगर उपप्रमुख -अध्यक्ष

(ख) सामाजिक समिति संयोजक -सदस्य

(ग) अपांगता भएका व्यक्तिहरु मध्येवाट कार्यपालिकाले तोकेको एक जना महिला सहित दुई जना -सदस्य

(घ) विद्यालय निरीक्षक वा निरीक्षण गर्न तोकिएको व्यक्ति -सदस्य सचिव

नलगाड नगरपालिका नगर कार्यपालिकाको कार्यालय दल्ली, जाजरकोट कर्णाली प्रदेश, नेपाल

नि.प्रमुख प्रशासकीय अधिकृत

(२) शिक्षा अनुगमन समितिको काम, कर्तव्य र अधिकारः- शिक्षा अनुगमन समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

१०. **विद्यालय व्यवस्थापन समितिः-** (१) विद्यालयको सञ्चालन, रेखदेख, व्यवस्थापन र अनुगमन गर्नको लागि विद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछः-

(क) अभिभावकहरुले आफूहरूमध्येबाट छानी पठाएका कम्तीमा दुईजना महिला सहित चारजना -सदस्य

(ख) विद्यालय रहेको सम्बन्धित वडाका अध्यक्ष वा निजले तोकेको वडा सदस्य एकजना -सदस्य

(ग) विद्यालयका संस्थापक, स्थानीय बुद्धिजीवी, शिक्षाप्रेमी मध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको एकजना महिला सहित दुईजना -सदस्य

(घ) विद्यालयका शिक्षकले आफूहरू मध्येबाट छानी पठाएको एकजना प्रतिनिधि -सदस्य

(ङ) शिक्षा समितिबाट मनोनित अपांगता भएका व्यक्तिहरु मध्येबाट एक जना महिला सहित दुई जना -सदस्य

(च) विद्यालयको प्रधानाध्यापक -सदस्य सचिव

(२) विद्यालय व्यवस्थापन समितिका सदस्यहरुले उपदफा (१) को खण्ड (क) र (ग) बमोजिमका सदस्यहरु मध्येबाट छानेको सदस्य सो समितिको अध्यक्ष हुनेछ ।

(३) उपदफा (१) बमोजिमको समिति गठन हुन नसकेमा वडा समितिले उपदफा (१) को खण्ड (क) बमोजिमका सदस्यहरु मध्येबाट सिफारिस गरेको व्यक्ति सो समितिको अध्यक्ष हुनेछ ।

(४) सो समितिको पदावधि तीन वर्षको हुनेछ ।

(५) विद्यालय स्तरीय बालक्लवले मनोनयन गरेका एक जना बालक्लवका प्रतिनिधि आमन्त्रित सदस्यको रूपमा रहनेछन् ।

(६) विशेष शिक्षा सञ्चालन गर्ने विद्यालयको व्यवस्थापन समितिमा कम्तीमा पचास प्रतिशत सदस्यहरू अपाङ्गता भएका व्यक्तिका अभिभावकहरू सदस्य रहनेछन् ।

११. **सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः-** विद्यालय विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने,

(ख) विद्यालयको चल, अचल सम्पत्तिको लगत राख्ने, राख्न लगाउने र सुरक्षा गर्ने,

(ग) विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक तथ्याङ्क र विवरण अद्यावधिक गराई राख्ने,

नलगाड नगरपालिका नगर कार्यपालिकाको कार्यालय दल्ली, जाजरकोट कर्णाली प्रदेश
प्रमुख प्रशासकीय अधिकृत

(घ) विद्यालयको वार्षिक बजेट स्वीकृत गर्ने र त्यसको जानकारी नगरपालिकालाई दिने,

(ङ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्न धार्मिक वा साम्प्रदायिक भावनाको आधारमा विद्यालयको वातावरण धमिल्याउन नदिने,

(च) अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालन तथा व्यवस्थापन गर्ने गराउने

(छ) विद्यालयमा आवश्यक पर्ने अध्यापन अनुमतिपत्र लिई प्रचलित कानुन बमोजिम सिफारिस भएका शिक्षक काममा लगाउने,

(ज) नगरपालिकाबाट खटिएका शिक्षक तथा कर्मचारीलाई हाजिर गराई काममा लगाउने,

(झ) रजिष्टर्ड लेखापरीक्षकबाट विद्यालयको वार्षिक लेखापरीक्षण गराउने,

(ञ) लेखापरीक्षकको प्रतिवेदन अनुसार तत्काल आवश्यक कारबाही गर्ने र त्यसको प्रतिवेदन नगर शिक्षा समितिमा पेश गर्ने,

(ट) तोकिए बमोजिम विद्यालय सञ्चालन गर्ने र पठनपाठन गर्ने, गराउने,

(ठ) नगर शिक्षा समितिले दिएको निर्देशनहरूको पालना गर्ने,

(ड) विद्यालयको आन्तरिक स्रोतबाट खर्च व्यहोर्ने गरी नियुक्ति वा बढुवा गरेका शिक्षकको लागि सेवा, शर्त र सुबिधा तोक्ने ।

(ढ) विद्यालयले गरेका वार्षिक क्रियाकलापको सामाजिक परीक्षण गराउने ।

(ण) विद्यालयको शैक्षिक गुणस्तर एवं भौतिक पूर्वाधार विकासका लागि गुरुयोजना बनाई पेश गर्ने ।

१२. **विद्यालय व्यवस्थापन समिति विघटन गर्न सकिने:-** (१) विद्यालय व्यवस्थापन समितिले तोकिएको जिम्मेवारी पूरा गर्न नसकेको निष्कर्ष सहित अनुगमन समिति मार्फत नगर शिक्षा समितिमा पेस भएमा नगर शिक्षा समितिले उक्त प्रतिवेदन उपर छानविन गर्नेछ । नगर शिक्षा समितिको छानविनले समेत तोकिएको जिम्मेवारी पूरा गर्न नसकेको निष्कर्ष निकालेमा नगर शिक्षा समितिले नगर कार्यपालिका समक्ष उक्त विद्यालय व्यवस्थापन समिति विघटन गर्न सिफारिस गर्नेछ । नगर कार्यपालिकाले त्यस्तो विद्यालय व्यवस्थापन समिति विघटन गर्न सक्नेछ । तर त्यसरी विघटन गर्नु अघि विद्यालय व्यवस्थापन समितिलाई आफ्नो सफाइ पेस गर्ने मनासिब मौका दिनु पर्नेछ ।

(२) उपदफा (क) बमोजिम विद्यालय व्यवस्थापन समिति विघटन भएपछि अर्को विद्यालय व्यवस्थापन समिति गठन नभएसम्म वा अन्य कुनै कारणले विद्यालय व्यवस्थापन समिति गठन

नलगाड नगरपालिका नगर कार्यपालिकाको कार्यालय हल्ली, जाजरकोट कर्णाली प्रदेश, नेपाल

नभएसम्म विद्यालय व्यवस्थापन समितिको काम गर्न नगर शिक्षा समितिले एक अस्थायी विद्यालय व्यवस्थापन समिति गठन गर्न सक्नेछ ।

१३. **विद्यालय कोषः-** (१) विद्यालयमा एउटा विद्यालय कोष हुनेछ जसमा देहायका रकमहरु हुनेछः-

(क) सघिंय सरकार, प्रादेशिक सरकार र नगरपालिकाबाट प्राप्त अनुदान,

(ख) शुल्क तथा सहयोगबाट प्राप्त रकम,

(ग) चन्दा वा दान दातव्यबाट प्राप्त रकम र

(घ) अन्य स्रोतबाट प्राप्त रकम ।

(२) उपदफा (१) बमोजिमको कोषको सञ्चालन र लेखापरीक्षण तथा सामाजिक लेखापरीक्षण तोकिए बमोजिम हुनेछ ।

१४. **नगरपालिकाले निर्देशन दिन सक्नेः-** (१) नगरपालिकाले विद्यालय व्यवस्थापन समितिलाई तोकिएको क्षेत्रसँग सम्बन्धित आवश्यक निर्देशनहरू दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइएको निर्देशनको पालना गर्नु विद्यालय र विद्यालय व्यवस्थापन समितिको कर्तव्य हुनेछ ।

१५. **शुल्कसम्बन्धी व्यवस्थाः-** (१) नेपाल सरकारले निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाका लागि विद्यालयले विद्यार्थीको नाममा कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै अभिभावकले दान, उपहार, चन्दा वा सहयोग सामुदायिक विद्यालयलाई दिन सक्नेछ ।

१६. **दरवन्दी तथा कर्मचारी सम्बन्धी व्यवस्थाः-** (१) प्राथमिक तहको विद्यालयमा २ जना शिक्षक र एकजना विद्यालय सहयोगीको दरवन्दी रहनेछ । आधारभुत तहको विद्यालयमा न्युनतम ४ जना शिक्षक र माद्यामिक तहको विद्यालयमा न्युनतम ९ जना शिक्षक, एकजना विद्यालय सहायक र एकजना विद्यालय सहयोगीको दरवन्दी हुनेछ ।

(२) उपदफा (१) बमोजिमका प्रधानाध्यापक, शिक्षक र कर्मचारीहरुको योग्यता सम्वन्धित विषय क्षेत्रमा मापदण्ड पुगेको हुनुपर्नेछ ।

(३) उपदफा (१) बमोजिमका प्रधानाध्यापक, शिक्षक र कर्मचारी नियुक्ति, सेवा, सर्त र सुविधासम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१७. **प्रगति विवरण बुझाउनुपर्ने :-** (१) विद्यालयले प्रत्येक बर्ष बार्षिक रुपमा तोकिए बमोजिमका विवरण सहितको प्रगति विवरण शिक्षा युवा तथा खेलकुद शाखामा बुझाउनु पर्नेछ ।